# अपराध इ-बुलेटिन

वर्ष–३,अंक–१०

बैशाख - असार , २०७४ (त्रैमासिक)



**वस्तुनिष्ठ अपराध अनुसन्धान,
मानवअधिकारको सम्मान**

अपराध अनुसन्धान विभाग
प्रहरी प्रधान कार्यालय
©सर्वाधिकार सुरक्षित

# यस इ-बुलेटिनमा

अपराध अनुसन्धान विभागिय गतिविधि ..... २
नागरिक सम्बन्धि .............................५
अनुसन्धानको प्राबिधिक तथ्यहरू..................६
प्रहरी सेवा ............................ ८
अनुसन्धान तथा विश्लेषण ..................... ९
अपराध समाचार ...................... १०
सामुदायिक प्रहरी गतिविधि ...................१३
अपराध तथ्यांक .............................. १४
जनचेतना मुलक सन्देश .......................१५

# अपराध अनुसन्धान विभागिय गतिविधि

## माननीय गृहमन्त्री जनार्दन शर्माद्वारा निरीक्षण तथा निर्देशन :

काठमाडौं, २५ जेठ

माननीय गृहमन्त्री जनार्दन शर्माले बिहीबार प्रहरी प्रधान कार्यालयको निरीक्षण भ्रमण गर्नुभई उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशनसमेत दिनुभयो ।

निरीक्षण भ्रमणका क्रममा गृहमन्त्री शर्माले प्रहरी प्रधान कार्यालय परिसरस्थित अमर प्रहरी स्मारकमा पुष्प गुच्छा अर्पण गर्नुभयो । साथै प्रहरी प्रधान कार्यालय कमाण्ड सेन्टर, डिजीटल फरेन्सिक ल्याव, पोलीग्राफ र सि फोर सेक्सनको निरीक्षणसमेत गर्नुभयो । निरीक्षणको क्रममा गृहमन्त्री शर्माले कमाण्ड सेन्टरबाट भिडियो कन्फ्रेन्स मार्फत क्षेत्रीय प्रहरी प्रमुखहरुसँग कुराकानी गर्दै पहिलो चरणको निर्वाचन सम्पन्न गर्न प्रहरी महानिरीक्षक लगायत प्रहरी जवान सम्मका प्रहरी कर्मचारीहरुले खेलेको भूमिका सराहनीय रहेको बताउनुभयो । दोस्रो चरणको निर्वाचनलाई सम्पन्न गर्न उच्च मनोबलका साथ कार्यसम्पन्न गर्न उहाँले निर्देशन समेत दिनुभयो । उक्त अवसरमा गृहसचिव लोकदर्शन रेग्मीको समेत उपस्थिति रहेको थियो ।

सो अवसरमा उपस्थित प्रहरी अधिकृत तथा जवानहरुलाई निर्देशन दिँदै गृहमन्त्री शर्माले विभिन्न चुनौती र साधानस्रोतको अभावका वावजुद पनि नेपाल प्रहरीले गरेका काम प्रशंसनिय रहेको बताउनुभयो । प्रहरीको बृत्तिबिकास, भौतिक संरचना, साधनस्रोत, प्रशिक्षण लगायतका बिषयमा क्रमिकरुपमा सुधार गर्नका लागि तत्काल सामुहिक प्रयास थाल्नु पर्नेमा जोड दिँदै उहाँले यसका लागि समन्वयात्मक रुपमा कार्य गर्न गृह मन्त्रालय सदैव प्रहरीको साथमा रहेको बताउनुभयो ।

आफू चुनौतीको सामना गरेर अगाडि बढ्न चाहने उल्लेख गर्दै गृहमन्त्री शर्माले नेपाल प्रहरीमा रहेका चुनौतीहरुको सामुहिक रुपमा मिलेर सामना गर्दै राष्ट्रप्रतिको जिम्मेवारी पुरा गर्नुपर्ने बताउनुभयो । चेन अफ कमाण्डलाई सुदृढ र व्यवस्थित गर्नुपर्ने, अनुशासनको पालना गर्दै विधि स्थापना गर्नुपर्ने र त्यसैबाट समस्या समाधान गर्नुपर्ने तथा समस्याको समाधान संगठन भित्रैबाट खोज्नु पर्नेमा उहाँले जोड दिनुभयो । राज्यमा सशक्त जनशक्ति, राजनीतिक स्थिरता र इच्छा शक्ति भएमा राष्ट्र सम्बृद्ध र बिकशित हुने तथा यसबाट



शान्ति सुरक्षामा पनि सुधार आउने चर्चा गर्दै गृहमन्त्री शर्माले यसका लागि सुरक्षाको क्षेत्रमा जनतालाई सहभागीगराउनुपर्ने बताउनुभयो । अपराध अनुसन्धान, सीमा क्षेत्रमा हुने घटना, प्रतिआतंकबाद जस्ता घटनामा समेत जनताको सहयोग र सहभागिता गराउन सकेमा अझै बढी सफलता हासिल हुने उहाँले उल्लेख गर्नुभयो ।

नयाँ संविधानअनुसार नेपाल प्रहरीको प्रादेशिक र संघीय संरचनाबारे सरकारको ध्यान जाने चर्चा गर्दै उहाँले परिवर्तित अवस्थासँगै रुपान्तरित हुन मानसिक तथा सांगठनिक रुपमा तयार हुनुपर्ने बताउनुभयो । अन्यायमा परेकाहरुका लागि न्यायको अनुभूति दिलाउने कुरामा मन्त्रालय कटिबद्ध रहने र चेन अफ कमाण्डमा रहने प्रहरी संगठनलाई अझै सबल बनाउदै प्रभावकारी कार्य गर्ने वातावरण सिर्जना गर्न मन्त्रालय तत्पर रहेको बताउनुभयो ।

समारोहमा धन्यबाद ज्ञापन गर्दै प्रहरी महानिरीक्षक प्रकाश अर्यालले समसामयिक निर्देशनलाई मार्गदर्शनको रुपमा अवलम्बन गर्नुको साथै यसको मर्म र भावनालाई कार्य सम्पादनमा अक्षरसः पालना गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

प्रहरीका कानूनसम्मत काममा नेपाल सरकारको तर्फबाट सदैव सहयोग, सदभाव र भरोसा प्राप्त भइरहेको चर्चा गर्दै उहाँले व्यावसायिकतालाई आत्मसात गरी कर्तव्यपालन गरिरहेका होनहार प्रहरी कर्मचारीहरुको बृत्तिबिकासमा सुनिश्चिता ल्याउनु हालको आवश्यक रहेको उल्लेख गर्नुभयो ।

यसअघि गृहमन्त्री शर्मा र गृहसचिव रेग्मीलाई प्रहरी प्रधान कार्यालयमा प्रहरी महानिरीक्षक अर्याल, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षकहरु लगायत बरिष्ठ प्रहरी अधिकृतहरुले हार्दिक स्वागत गर्नुभएको थियो ।

निरीक्षणको क्रममा गृहमन्त्री शर्मासमक्ष प्रहरी महानिरीक्षक प्रकाश अर्यालले प्रहरी प्रधान कार्यालयको तर्फबाट नेपाल प्रहरीको संगठनात्मक प्रस्तुतीकरण समेत गर्नुभएको थियो ।

# नागरिक सम्बन्धि

## खोजतलास एवं समन्वय

देश भरि हराएका मानिसहरुको वैशाख देखी असार माहिना सम्मको विवरण –

| पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| ४६० | १००७ | २६८ | ४९१ | २२२६ |

हराएका मध्य फेला परेका मानिसहरुको बिबरण –

| पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| ९२ | २१४ | ८१ | ८९ | ४७६ |

देशभर सनाखत हुन नसकेको वैशाख देखी असार माहिना सम्मको पहिचान हुन नसकेका लाशहरुको विवरण –

| पुरुष | महिला | बालक | बालिका | मानव कंकाल | जम्मा |
|---|---|---|---|---|---|
| २७ | ८ | १ | – | – | ३६ |

## बैदेशिक नागरिक

| सि.न. | बिबरण | वैशाख | ज्येष्ठ | आषाढ | जम्मा |
|---|---|---|---|---|---|
| १ | बिदेशी नागरिकको मृत्यु | ३ | ३ | २ | ८ |
| २ | बिदेशी नागरिकको पक्राउ | ३ | २ | २ | ७ |
| ३ | हराएका बिदेशी नागरिकहरु (खोजतलास भइरहेको ) | – | १ | – | १ |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका नागरिकहरुको विबरण | १३,५२७ | १३,८१७ | ४,६९८ | ३२,०४२ |
| ५ | बिदेशी नागरिकको यस कार्यलयमा रहेको अपराधिक अभिलेख जाचँ गरि पठाईएको बिबरण | – | ३० | ६ | ३६ |

# अनुसन्धानको प्राबिधिक तथ्यहरु

## पोलिग्राफ

प्रहरी प्रधान कार्यालय पोलिग्राफ शाखाले २०७३ साल बैशाख देखि असार महिना सम्म ६ महिला र ८५ पुरुषको पोलिग्राफ परिक्षण गरेको छ । जसमध्ये झुठ बोलेको संकेत ५१, झुठ नबोलेको संकेत २९ , राय दिन नसक्ने अवस्था ३ , अनुसन्धानमा सघाउ संख्या ७० र स्विकार गरेको ५ वटा घटना छन् ।

## Call detail record

मिति २०७३ बैशाख देखि आसार सम्मको यस शाखाले गरेको Call Detail Record यसप्रकार छ :

अपराध अनुसन्धानको सिलसिलामा मातहत बिभिन्न प्रहरी ईकाईहरुबाट मागभई आएका Operational Data हरु दूरसंचार सेवाप्रदायक संस्थाहरु संग Co–ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धीत कार्यालयहरुलाई उपलब्ध गराईएको ।

| क्षेत्र | बैशाख | जेठ | आसार |
|---|---|---|---|
| पुर्व क्षेत्रीय प्रहरी कार्यालय बिराटनगर मातहतबाट | २३२ | १३४५ | १६१० |
| मध्य क्षेत्रीय प्रहरी कार्यालय हेटौडा मातहतबाट | ५१४ | १४९३ | १३०२ |
| पश्चिम क्षेत्रीय प्रहरी कार्यालय पोखरा मातहतबाट | ४४३ | १२६७ | १०८१ |
| मध्यपश्चिम क्षेत्रीयप्रहरी कार्यालय सुर्खेत मातहतबाट | ५४३ | ४०७ | ५०६ |
| सुदूर पश्चिम क्षेत्रीयप्रहरी कार्यालय दिपायल मातहतबाट | २३१ | ५४९ | १५७ |
| जम्मा | १९४५ वटा । | ४९८२ वटा । | ४६५६ वटा । |

# Digital Forensic lab बाट परिक्षण गरिएको सबुदहरुको तथ्याङ्क

मिति२०७४/०१/०१गतेबाट २०७४/०३/३१ गतेसम्म निम्न मुद्दा शिर्षक अनुसारको मुद्दा अनुसन्धानमा प्राप्त भएको सबुदहरुको परिक्षण गरी परिक्षण रिपोर्ट तथा सबुदहरु
सम्बन्धित कार्यालयमा पठाई सकिएको ।

| सि.न | मुद्दा शिर्षक | संख्या |
|---|---|---|
| १ | जवरजस्ती करणी | १ |
| २ | विधुतिय कसुर | १० |
| ३ | कर्तब्य ज्यान | ३ |
| ४ | मानव वेचविखन तथा ओसारपसार | ३ |
| ५ | ठगी | ३ |
| ६ | संगठीत अपराध | ३ |
| ७ | सरकारी छाप दस्तखतकिर्ते | १ |
| ८ | नखुलेको | ५ |
| ९ | बन्यजन्तु खरिद बिक्री | १ |
| १० | ज्यान मार्ने उधोग | १ |
| ११ | भबितब्य ज्यान | ८ |
| १२ | बिदेशी विनियम अबैध ओ.प. | १ |
| | जम्मा | ४० |

मिति २०७४/०१/०१गते बाट २०७४/०३/३१ गते सम्म यस ल्याबमा परिक्षण गरिएका सबुदहरुको बिबरण यस प्रकार छन ।

| सि.न | सबुद | संख्या | कैफियत |
|---|---|---|---|
| 1 | sim card | ७० | |
| 2 | memory card | २० | |
| 3 | laptop | ८ | Hard Drive |
| 4 | CPU | १ | Hard Drive |
| 5 | mobile | ६६ | |
| | total | १६५ | |

## प्रहरी सेवा

# फैसला कार्यान्वयन अवस्था

फैसला कार्यान्वयन सम्बन्धि पाक्षीक बिवरण सङ्कलन गरी बिश्लेशण गर्ने कार्य भईरहेको छ जस अनुसार मिति २०७४/०१/०१ देखि २०७४/०३/३१ गते सम्मको विशेष अभियान लागु भएका र नभएका जिल्लाहरूको फैसला कार्यान्वयन सम्बन्धि प्रगति बिवरण निम्न अनुसार रहेको छ ।

| | पक्राउ संख्या | जरिवाना | कैद | कैफियत |
|---|---|---|---|---|
| बिशेष अभियान लागु भएका २४ जिल्ला | ४५२ जना | रु-१,५७,०२,६१५।– | २३ वर्ष ३ महिना २८ दिन | |
| बिशेष अभियान लागु नभएका ५१ जिल्ला | ८९ जना | रु-२२,९१,३६९ ।– | १०४ वर्ष ९ महिना १० दिन | |
| केन्द्रिय अनुसन्धान व्युरो | ९ जना | रु-४२,७७,०००।– | ४३ वर्ष ४ महिना १५ दिन | |
| जम्मा | ५५० जना | रु-२,२२,७०,९८४।– | १७१ वर्ष ५ महिना २३ दिन | |


# चारित्रिक प्रमाणपत्र बितरण सम्बन्धी

| सि.न | सम्पादन भएका प्रमुख कार्यहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | प्रहरी चारीत्रिक प्रमाणपत्र नेपालमा रहेका व्यक्तिहरुको दर्ता संख्या –४७, ३३१ | प्रमाण पत्र बितरण संख्या –४७३०० |
| २ | बिदेशमा रहेका व्यक्तिहरुको दर्ता संख्या – २६३९ | बितरण संख्या – २६३९ |
| ३ | राजदुतावासको दर्ता संख्या – ० | बितरण संख्या – ० |
| ४ | बिदेशी नागरिकको दर्ता संख्या –२०७ | बितरण संख्या–२०० |
| ५ | बिभिन्न संघ संस्था तथा गृह मन्त्रालयको दर्ता –२११५ | बितरण संख्या –२११५ |
| ६ | क्षेप्रका-५ वाट दर्ता संख्या– ८९७ | बितरण संख्या– ८९० |
| | जम्मा दर्ता संख्या –५३१८९ | बितरण संख्या–५३१४४ |

# अनुसन्धान तथा विश्लेषण

DIRS जाहेरी अनुसार बैशाख, जेठ र आषाढ महिनामा देशभर भएका अपराधिक घटनाहरुको जाहेरी तथ्याङ्क

| घटना शिर्षक | स.दु. | आगलागी | झुण्डी मृत्यु | बिषसेवन | भवितव्य ज्यान | कुटपीट | फुटकर ज्यान | चोरी/लुटपाट | लागूऔषध | पहिचान नभएका लास | बगाई/डुबी मृत्यु | आगजनी/तोडफोड | हा.ह.बरामद | धारिलो हतियार प्रयोग | कर्तव्य ज्यान | करेन्टलागि मृत्यु | जुवातास | गोली प्रहार | बम बिस्फोट | अपहरण | जबर्जस्ती करणी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बैशाख | १०३१ | ३९३ | १८४ | १९६ | १५४ | १३५ | १०९ | ५३ | ४६ | ४२ | १०९ | ५३ | १४ | २३ | १९ | ५१ | १ | ५ | १३ | ६ | १४ | ६३५ | ३२८६ |
| ज्येष्ठ | ९११ | १०८ | १९५ | १८९ | १७३ | १२८ | ९५ | ८२ | ७६ | ४८ | ९५ | ३६ | १२ | ३९ | १७ | ६२ | १० | २ | २ | ७ | १५ | ४६३ | २७६५ |
| आषाढ | ८६१ | ६९ | १६१ | १९० | १३३ | १११ | १०० | ६६ | ५८ | ५२ | १०० | ३४ | १६ | २८ | १५ | ६५ | ६ | ५ | ३१ | ४ | १९ | ३३४ | २४५८ |




+अन्य (बन्द, हडताल, जोरजुलुम, बाटो अबरोध, कोण सभा, आम सभा, बिरोध, अबैध सामान, पक्राउ नियन्त्रण आदि)

– DIRS जाहेरी अनुसार बैशाख, ज्येष्ठ र आषाढ महिनाको समग्र तथ्याङ्क हेर्दा सवारी दुर्घटना शीर्षकमा सबैभन्दा बढी घटना जाहेरी प्राप्त हुन आएको देखियो ।

– बैशाख, ज्येष्ठ र आषाढ महिनाको जाहेरीलाई अध्ययन गर्दा पहिचान नभएका लास र ज.ज.क. शीर्षकका घटना जाहेरी क्रमश : बृद्दि हुंदै गएको देखियो भने सवारी दुर्घटना र कर्तव्य ज्यान मुद्दा शीर्षकमा जाहेरी सङख्या घट्दो क्रममा देखियो ।

# अपराध समाचार

## नयाँ दिल्लीबाट उद्धार भई आएका युवतीहरू ओसार पसार गर्ने व्यक्ति पक्राउ :

काठमाडौं, ११ बैशाख

नयाँदिल्लीबाट उद्धार भई आएका युवतीहरू ओसारपसार गर्ने कार्यमा संलग्न काठमाडौं गोकर्णेश्वर नगरपालिका-८ अत्तरखेल बस्ने सिन्धुपाल्चोक गुम्बा-६ का २७
 वर्षीय बिष्णु तामाङलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगन्जको प्रहरीले गोकर्णेश्वर
नगरपालिका-२ राइटारबाट बैशाख ८ गते पक्राउ गरेको छ ।

मानब बेचबिखन तथा ओसारपसार गर्ने गिरोहले नेपाली युवतीहरूलाई आकर्षक रोजगारीको प्रलोभन देखाएर बिभिन्न सिमा नाकाबाट भारतको नयाँदिल्ली पुऱ्याई दुवई,
कुवेत तथा इराकको कुर्दिस्तान पठाउन लागेको अवस्थामा २७ जना नेपाली युवतीहरुलाई २०७२ साउन ५ गते भारतीय
प्रहरीद्धारा नयाँदिल्लीस्थित ईन्दिरा गान्धी अन्तर्राष्ट्रिय
विमानस्थल तथा २०७२ साउन - गते विभिन्न होटलहरूमा राखिरहे को अवस्थामा उद्दार गरिएको थियो ।

२०७२ साउन १- गते पीडितहरुलाई नेपाल फिर्ता ल्याई प्रारम्भिक सोधपुछ पश्चात तत्काल खुल्न आएका ४ जना
प्रतिवादीहरु सुशिल भन्ने सुजिल राई, राजबाबु श्रेष्ठ, बिके भन्ने सानु लामा र धनबहादुर भन्ने दानबहादुर क्षेत्रीलाई विभिन्न मिति र स्थानबाट पक्राउ गरी काठमाडौ जिल्ला अदालतमा मानव
 बेचबिखन तथा ओसारपसार एवं संगठित अपराध मुद्धा दायर गरिएकोमा अदालतको आदेशले तत्काल केन्द्रीय कारागार जगनाथदेवलमा पुर्पक्षको लागि थुनामा गएका थिए ।

उक्त अपराधमा संलग्न मानिसहरुको खोजतलास भइरहेकोमा दिल्लीमा बसेर बिदेश पठाउने सम्पूर्ण पक्रिया मिलाउने भूमिकामा रहेका तामाङलाई विशेष सूचनाको आधारमा
पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट म्याद लिई मानब बेचबिखन तथा ओसारपसार एवं संगठित अपराध मुद्दामा अनुसन्धान कार्य भइरहेको उक्त ब्यूरोले जनाएको छ ।

साथै २०७२ फागुन १० गते सिन्धुपाल्चोक,
बार्हमबिसे-४ की एक महिलालाई भारतको नयाँदिल्ली हुँदै दुवई, कुवेत तथा इराकको कुर्दिस्तान पठाउन लागेको अवस्थामा काठमाडौंबाट दिल्ली लैजाने क्रममा काठमाडौंको नागढुङगाबाट उद्धार गरिएकोमा पीडितलाई बिक्री गर्ने योजना तथा
कार्यमा निज तामाङ समेत संलग्न रहेको सम्बन्धमा समेत तामाङउपर अनुसन्धान भइरहेको छ ।

## सिन्धुपाल्चोक जिल्ला कारागारबाट फरार कैदी पक्राउ :

काठमाडौं, १९ असार

२०७२ बैशाख १२ गतेको विनासकारी भूकम्पबाट जिल्ला कारागार सिन्धुपाल्चोकको भवन भत्कँन जाँदा भागी फरार भएका १ जनालाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज, काठमाडौंले आइतबार पक्राउ गरेको छ ।

कारागारमा रहेका २ सय १२ जना कैदी तथा
थुनुवाहरुमध्ये ज्यान मार्ने उद्योग र कर्तव्यज्यान मुद्दामा २० वर्ष कैद भुक्तान गरिरहेका सिन्धुपाल्चोक, सिन्धुकोट-७ का २९ वर्षीय श्याम नेपाली समेत फरार रहेकोमा खोजी गर्नेक्रममा ललितपुर लुभुबाट ब्यूरो को प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उनलाई कारागार कार्यालय, सिन्धुपाल्चोकमा बुझाइएको उक्त ब्यूरोले जनाएको छ ।

## व्यापारीको अपहरण पश्चात हत्या घटनाका मुख्य योजनाकार पक्राउ :

काठमाडौं, २७ असार

व्यापारीको अपहरण गरी हत्या गरेको घटनाका मुख्य योजनाकार काठमाडौं, तार्केश्वर नगरपालिका मनमैजु बस्ने दाङ, तुल्सीपुर उपमहानगरपालिका-११ कटाहका ३० वर्षीय खुमबहादुर केसीलाई
महानगरीय अपराध महाशाखा, टेकु काठमाडौंको प्रहरीले काठमाडौं, तार्केश्वर नगरपालिका-१० मनमैजुबाट मंगलबार पक्राउ गरेको छ ।

दाङ, तुल्सीपुर उपमहानगरपालिका-५ बस्ने वुटवल बस्त्रालयका संचालक एवं तुलसीपुर उद्योग बाणिज्य संघका पूर्व उपाध्यक्ष ५३ वर्षीय राजकुमार श्रेष्ठलाई गत जेठ २६ गते अपहरण गरी सल्यान, छत्रेश्वरी गाउँपालिका-४ स्थित झिम्पे रेन्ज जंगलमा लगी हत्या गरी ओडारभित्र शव लुकाई फरार रहेको घटनाको

अनुसन्धानको क्रममा उक्त महाशाखाको प्रहरीले उक्त घटनाका मुख्य योजनाकार उनलाई पक्राउ गर्न सफल भएको हो ।

## प्रतिबन्धित जंगली पंक्षी हुचिल सहित पक्राउ :

रौतहट, १३ बैशाख

चन्द्रपुर नगरपालिका-६ बेल्डी बस्ने २७ बर्षीय देवनाथ चौधरी र सागर लामा नाम गरेका व्यक्तिलाई प्रहरीले प्रतिबन्धित जंगली पंक्षी हुचिल सहित मंगलबार पक्राउ गरेको छ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो र ईलाका प्रहरी कार्यालय चपुरको संयुक्त प्रहरी टोलीले चन्द्रपुर नगरपालिका-४ चपुरस्थित पूर्व-पश्चिम राजमार्गको सुदर्शन होटल अगाडि सेतो बोरा भित्र कार्टुनमा राखी उनीहरु सहितका ४ जनाले प्रतिबन्धित जंगली पंक्षी हुचिल ल्याइरहेको अवस्थामा फेला पारी नियन्त्रणमा लिएकोमा निज सागर लामा र हाल नाम, थर, वतन नखुलेका २ जना समेत गरी ३ जना भागेका थिए । तत्काल भागेकामध्ये लामालाई सोही नगरपालिका-६ स्थित बेल्डीबाट प्रहरीले पुनः पक्राउ गरेको हो ।

साथै उनीहरुले प्रयोग गरेका ना।२० प ९१६५ र ना।२४ प २९१४ नम्बरका मोटरसाइकल तथा मरेको अवस्थामा रहेको हुचिल समेत प्रहरीले बरामद गरेको छ ।

## मतपत्र च्यात्ने तथा प्रहरीमाथि हातपात गर्ने पक्राउ :

चितवन, १५ जेठ

भरतपुर महानगरपालिका-१० स्थित कभर्डहलमा सोही महानगरपालिका वडा नम्बर १९ को मतगणना कार्य भइरहेको अवस्थामा मतगणनामा खटिएका नेकपा माओवादी केन्द्रका प्रतिनिधि भरतपुर महानगरपालिका-१रामनगर बस्ने ३६ वर्षीय मधु न्यौपाने र राष्ट्रिय महाधिबेशन आयोग समितिका अध्यक्ष सोही महानगरपालिका-११ बसेनी बस्ने ४३ वर्षीय द्रोण सिवाकोटीले मतपत्र च्याते पश्चात उनीहरुलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

साथै उक्त स्थानमा भेला जम्मा भएका मानिसहरुबीच मतपत्र च्यातेको विषयमा विवाद भएपछि सम्झाई बुझाइ गर्ने क्रममा प्रहरीलाई हातपात गर्ने नेकपा एमाले जिल्ला कमिटी सदस्य चितवन भोजाड बस्ने ४५ वर्षीय गंगालाल लामालाई समेत प्रहरीले पक्राउ गरेको छ ।

## प्रहरी भ्यान र ट्रक पहिरोले बगाउँदा २ प्रहरीको मृत्यु र भ्यान सहित २ प्रहरी वेपत्ता :

चितवन, - ९ असार

ईच्छाकामना गाउँपालिका-६ स्थित नारायणगढ-मुग्लिङ सडकको चारकिलो भन्ने ठाउँदेखि करीव १.५ किलोमिटर अगाडि कालीखोलामा गएराति माथिबाट पहिरो आई ईलाका प्रहरी कार्यालय मुग्लिङको ना.१. भ्र १३९० नम्बरको भ्यान र ना.५ .ख ७८२७ नम्बर को ट्रक समेत पहिरोले बगाउँदा २ प्रहरी कर्मचारीको मृत्यु भएको छ भने अन्य २ वेपत्ता भएका छन् ।

उक्त सडकको चारकिलो भन्ने ठाउँमा पहिरो खसेर बाटो अवरुद्ध भएको भन्ने सूचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मुग्लिङबाट प्रहरी सहायक निरीक्षक निश्चलकुमार तामाङको कमाण्डमा खटि गएको टोलीले अवरुद्ध सडक एकतर्फी खुलाई कार्यालयतर्फ फर्कने क्रममा कालीखोलामा आइपुग्दा उक्त दुबै गाडी पहिरोले बगाएको थियो ।

मृत्यु हुनेमा ईलाका प्रहरी कार्यालय मुग्लिङमा कार्यरत धादिङ, खनियाबास गाउँपालिका-४ वस्ने २९ वर्षीय प्रहरी सहायक निरीक्षक निश्चलकुमार तामाङ र बारा, हरैया-६ वस्ने ३० वर्षीय प्रहरी जवान दिपककुमार मास्के रहेका छन् । वेपत्ता हुनेमा प्रहरी जवान गोरखा, मकैसिंह-१ वस्ने ३१ वर्षीय प्रहरी जवान लिलबहादुर चेपाङ र तनहुँ, रुपाकोट-३ वस्ने २१ वर्षीय प्रहरी जवान सन्दिप कार्की रहेका छन् ।

घटनामा प्रहरीको ना.१ .भ्र १३९० नंम्बरको महिन्द्रा पिकअप भ्यान, एसएलआर २ नाल, त्यसको गोली १ सय राउण्ड, चाइनिज हत्कडी १ थान, संचार साधन २ थान हराएका छन् ।

उक्त ट्रकका चालक रामकुमार लामा र सह-चालक मकवानपुर, मनहरी बस्ने २७ वर्षीय सानु ब्लोन घाइते भएका छन् । लामाको अवस्था सामान्य र ब्लोनको मध्यम रहेको छ । दुबैजना( लाई उद्धार गरी उपचारको लागि आबुखैरहनीतर्फ पठाइएकोमा थप उपचारको लागि भरतपुरतर्फ लगिएको छ ।

घटनापछि तत्काल खटिएको ईलाका प्रहरी कार्यालय मुग्लिङको प्रहरी टोलीले २ प्रहरीको शव नदी किनारमा पुरिएको अवस्थामा र उक्त ट्रक त्रिशुली नदीको किनारमा पुर्णरुपमा क्षति भएको अवस्थामा फेला पारेको थियो ।

घटनास्थलमा थप उद्धारको लागि जिल्ला प्रहरी कार्यालय चितवनबाट प्रहरी उपरीक्षक दिपक थापा, प्रमुख जिल्ला अधिकारी सहितको टोली, नेपाली सेना र सशस्त्र प्रहरी बलबाट समेत टोली

खटि गई उद्धार तथा अवरुद्ध बाटो खुलाउने प्रयास भइरहेको छ। वेपत्ता भएका प्रहरी र प्रहरी भ्यानको खोजतलास जारी रहेको छ।

## बालक अपहरण गर्न खोज्ने पक्राउ :

कपिलबस्तु, १८ वैशाख

यशोधरा गाउँपालिका-३ बसन्तपुर बस्ने ८ वर्षीय र ७ वर्षीय २ बालकलाई पेयपदार्थ फ्रुटी खुवाई, ५ रुपैयाँ दिएर ललाई-फकाई लु.१.प ३३६३ नम्बरको मोटरसाइकलमा जबरजस्ती लैजाँदै गरेको अवस्थामा महाराजगंज नगरपालिका-६ भलवाडी बस्ने २७ वर्षीय राजाराम कोहारलाई कपिलबस्तु नगरपालिका-५ शिवपुर ाबाट मोटरसाइकलसहित स्थानियवासीको सहयोगमा प्रहरीले पक्राउ गरेको छ। साथै बालकहरुलाई सकुशल उद्धार गरिएको छ।

## प्याराग्लाइडिङ दुर्घटनामा मृत्यु :

कास्की, ६ असार

पोखरा लेखनाथ महानगरपालिका-१८ खपौदीमा सोही महानगरपालिका-६ स्थित ब्लुस्काई प्याराग्लाइडिङ कम्पनीको रेस्क्यू डेभलपमेन्ट प्रशिक्षणको क्रममा सोमबार अचानक प्याराग्लाइडिङ दुर्घटना हुँदा गम्भीर घाइते भएका सोही महानगरपालिका-३३ बस्ने २७ वर्षीय प्रभात सुवेदीको मेट्रोसिटी अस्पताल पोखरामा उपचारको क्रममा मृत्यु भएको छ।

## वेपत्ता भएका व्यक्ति मृत अवस्थामा फेला :

सल्यान, १६ असार

गत जेठ २७ गते बेपत्ता भएका दाङ, तुलसीपुर उपमहानगर पालिका-५ बस्ने ५२ वर्षीय राजकुमार श्रेष्ठको सल्यान, छत्रेश्वरी गाउँपालिका-४ झिम्पे भन्ने स्थानमा ढुङ्गाले पुरेको अवस्थामा शुक्रबार शब फेला परेको छ।

भारत लखनउवाट रुकुमको सोलावाङतर्फ जाँदै गरेको एचपी ११ ८६४८ नम्बरको गाडीलाई कपुरकोट गाउँपालिका-५ सोलावाङमा बा.११ च १०७१ नम्बरको गाडीमा आएका ४/५ जना अपरिचित व्यक्तिहरुले ढुंगामुढा गरी गाडी रोकेर गाडीमा रहेका दाङबाट सवार रणबहादुर घर्तीलाई साथमा लिई गएको, ६ वटा मोवाईल,
भारतीय १२ हजार समेत लुटि लिई गएपछि खोजी गर्ने क्रममा नेपाली नम्बरको गाडी सल्यान कपुरकोट गाउपालिका-५ सोलाबाङमा फेला परेको थियो।

अनुसन्धानको क्रममा उक्त नेपाली नम्बरको गाडीधनी निज राजकुमार भएको र उक्त दिन सल्यान कपुरकोट जान्छु भनि हिँडेको खुल्न आएको छ।

## हातैले समातेर फाल्दा सुतली बम निष्क्रिय :

दाङ, १५ असार

तुल्सीपुर उपमहानगरपालिका-३ स्थित श्री प्रतापपुर अम्बास आबासिय बिद्यालयस्थित स्थानीय तहको निर्वाचन मतदान केन्द्रमा हाल नम्बर नखुलेको मोटरसाइकलमा आएका २ जनाले मतदानस्थलको गेट बाहिर करीव २० मिटर टाढाबाट बुधबार प्रहार गरेको सुतली बम प्रहरीले हातैले समातेर फाल्दा निष्क्रिय भएको छ।

मतदानस्थलको कम्पाउण्डभित्र उक्त बम खस्ने बित्तिकै मतदानस्थलमा ड्युटी खटिएका महानगरीय प्रहरी पहरा गण सामाखुसी काठमाडौं दरबन्दीका प्रहरी हवल्दार दुर्गाबहादुर रानाले हातैले समातेर करीव १ सय मिटर तल खोल्सामा फालेपछि बम बिस्फोट भई निष्क्रिय भएको थियो।

# सामुदायिक प्रहरी गतिविधि

## सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी केन्द्रहरूले संचालन गरेका सामुदायिक गतिविधिहरू

| सिन। | क्रियाकलाप | बैशाख | जेठ | असार |
|---|---|---|---|---|
| १ | अपराधरोकथाम तथा नियन्त्रण सम्बन्धी क्रियाकलाप | ३५४ | ३३९ | ३८२ |
| २ | जनचेतना मुलक क्रियाकलाप | २५६ | २२९ | ३०१ |
| ३ | सामाजिक क्रियाकलाप | १५० | १२१ | १६५ |
| ४ | जनस्वास्थ्यतथा वातावरण सम्बन्धी | १०० | १०८ | १५३ |
| ५ | लागुऔषध विरुद्धको चेतनामूलक कार्यक्रम  स्थानमा संचालन गरिएको | ६२ | ७० | ५८ |
| ६ | लैंगिक तथा घरेलु हिंसा विरद्दको चेतनामूलक कार्यक्रम स्थानमा संचालन गरिएका | ४१ | ३४ | ६२ |
| ७ | विविध | ११३ | १२० | १३० |

## प्रहरी मेरो साथी

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी सेवा केन्द्रहरूले संचालन गरेका प्रहरी मेरो साथी कार्यक्रमहरू

| सिन | बिषय | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|
| १ | महानगरीय प्रहरी का। रानीपोखरी | ३९ | ८२ | १५ | १३६ |
| २ | पूर्व क्षेत्र | २२ | २२ | ६ | ५० |
| ३ | मध्य क्षेत्र | २१ | १८ | ८ | ४७ |
| ४ | पश्चिम क्षेत्र | २१ | ३५ | ५ | ६१ |
| ५ | मध्य पश्चिम क्षेत्र | १६ | ३५ | ६ | ५७ |
| ६ | सुदुर पश्चिम क्षेत्र | १८ | ३८ | ५ | ६१ |
|  | कुल जम्मा | १३७ | २३० | ४५ | ४१२ |

# अपराध तथ्यांक

२०७३।०७४ बैशाख महिनाको

| प्रकृति | के. अ. ब्यूरो | उपत्यका | पूर्वाञ्चल | मध्यामञ्चल | पश्चिमाञ्चल | म.प.क्षे. | सु.प. क्षे. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ७७ | १३३ | १०२ | ७९ | ७६ | ४८ | ५१५ |
| आत्महत्या सम्बन्धी | ० | ४० | १०९ | ९८ | ९५ | ७७ | ३६ | ४५५ |
| चोरी सम्बन्धी | ० | ४३ | २५ | ३० | १३ | ८ | ९ | १२८ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | १ | ४२ | ७६ | ५२ | ५० | १४ | ५ | २४० |
| सामजिक अपराध | ० | १७९ | १८८ | १९७ | १३२ | ८८ | ३६ | ८२० |
| महिला तथा वालवालिका सम्बन्धी | १ | १७ | ५५ | ३६ | २९ | २६ | १८ | १८२ |
| सवारी सम्बन्धी | ० | १८ | ४७ | ५४ | ५५ | ३० | १२ | २१६ |
| विविध | १ | ६ | ३ | ३ | ३ | ३ | ३ | २२ |
| कुल जम्मा | ३ | ४२२ | ६३६ | ५७२ | ४५६ | ३२२ | १६७ | २५७८ |

२०७३।०७४ जेष्ठ महिनाको

| प्रकृति | के.अ.ब्युरो | उपत्यका | पुर्ब | हेटौडा | पोखरा | सुर्खेत | दिपायल | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ६४ | १३१ | १३१ | ११३ | ५४ | २८ | ५२१ |
| आत्महत्या सम्बन्धी | ० | ४२ | १०० | १३८ | १०२ | ७५ | ४९ | ५०६ |
| चोरी सम्बन्धी | ० | ५२ | २५ | ११ | ४३ | ७ | ९ | १४७ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | २ | ५९ | ८७ | ४५ | ६६ | ३० | ५ | २९४ |
| सामजिक अपराध | ० | २५८ | २०३ | १७९ | १६६ | ६५ | ५१ | ९२२ |
| महिला तथा वालवालिका सम्बन्धी | ४ | २५ | ४६ | ६३ | ४६ | ३७ | १३ | २३४ |
| सवारी सम्बन्धी | ० | २१ | ४१ | ६८ | ४१ | १३ | ६ | १९० |
| विविध | २ | ८ | ३ | ६ | ६ | २ | २ | २९ |
| कुल जम्मा | ८ | ५२९ | ६३६ | ६४१ | ५८३ | २८३ | १६३ | २८४३ |

२०७३।०७४ असार महिनाको

| प्रकृति | के.अ.ब्युरो | उपत्यका | पुर्ब | हेटौडा | पोखरा | सुर्खेत | दिपायल | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ७४ | १४८ | १५३ | १२९ | ८५ | ४३ | ६३२ |
| आत्महत्या सम्बन्धी | ० | ४३ | १५८ | १५३ | १०१ | ७५ | ३३ | ५६३ |
| चोरी सम्बन्धी | ० | ४० | ३० | २८ | ११ | ८ | ० | ११७ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | ० | ५९ | ५५ | ५८ | ५४ | १२ | ५ | २४३ |
| सामजिक अपराध | ० | २३७ | १४९ | २१६ | ११८ | ७१ | २७ | ८१८ |
| महिला तथा वालवालिका सम्बन्धी | १ | २३ | ५७ | ४२ | ४२ | २४ | १३ | २०२ |
| सवारी सम्बन्धी | ० | १३ | ४३ | ४६ | ५७ | १६ | ७ | १८२ |
| विविध | ० | ८ | ११ | ५ | ५१ | २ | ११ | ८८ |
| कुल जम्मा | २ | ४९७ | ६५१ | ७०१ | ५६३ | २९३ | १३९ | २८४६ |

# जनचेतना मूलक सन्देश

विगत केही समय यता फेसबुक लगायतका अन्य सामाजिक संजालहरु मार्फत अपरिचित व्यक्तिहरुले Friend request - साथी हुन अनुरोध पठाई request accept अनुरोध स्विकार भए पश्चात आत्मियता बढाउदै जाने र सो क्रममा माया प्रेमको नाटक गर्ने, बिदेशमा राम्रो जागिर लगाईदिने भनी प्रलोभन देखाउने चिट्ठा वा गोलाप्रथा परेको भनी सन्देश पठाउने, आफन्त तथा साथीभाईको समस्या देखाई पैसा माग्ने, सस्तो वा सहुलियत ऋणको प्रचार गर्ने तथा विभिन्न नेटवर्किङ व्यवसायमा आवद्ध गर्ने, भारत लगायतका अन्य मुलुकका अध्यागमन कार्यालयमा तपाईको पार्शल आएको छ, कर नतिरेको हुँदा पार्शल रोकिएको छ भनी पार्शलको फोटो पठाउने तथा सो बापत कर तिर्नुपर्छ भनी

आइएमई मार्फत नेपाल भित्र तथा भारतका विभिन्न आइएमईमा पैसा हाल्न लगाई ठगी गर्ने गिरोह सक्रिय भई ठगी गरिरहेको सूचना उजुरी विभिन्न प्रहरी कार्यालयहरु तथा केन्द्रीय अनुसन्धान व्यूरोमा समेत आइरहेको हुँदा यस्ता किसिमका प्रलोभनमा नपरी ठगी हुनबाट बच्न सम्पूर्ण आम नागरिकमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरोले हार्दिक अनुरोध गरेको छ ।

साथै कोही कसैले उल्लेखित प्रलोभन देखाएमा वा कोही उपर शंका लागेमा नजिकको प्रहरी कार्यालय वा केन्द्रीय अनुसन्धान व्यूरोको फोन नम्वर ०१४४११७७६ वा ९८५१२८३१४० मा सम्पर्क गर्नुहुन वा व्यूरोको इमेल ठेगाना cib@nepalpolice.gov.np मा पठाउन समेत अनुरोध गरिएको छ ।

*धन्यबाद*

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौं
फोनः ९७७१४४१२७४८
फ्याक्सः ९७७१४४१२६२
ई-मेलः cicu@nepalpolice.gov.np,
cicucid@gmail.com
वेभसाईटः www.cid.nepalpolice.gov.np